# कर्जन्हा नगरपालिका

स्थानीय राजपत्र

खण्डः ३ संख्याः २ प्रकाशन मितिः२०८१-०९-२३ गते

**भाग- २**

## कर्जन्हा नगरपालिका

# कर्जन्हा नगरपालिकाको स्थानीय सेवा तह/स्तर वृद्धि तथा तह मिलान सम्बन्धी कार्यविधि, २०८१

**प्रस्तावना:** मधेश प्रदेश सरकारबाट जारी भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ बमोजिम कर्जन्हा नगर कार्यपालिकाले स्थानीय सेवामा कार्यरत स्थायी कर्मचारीहरुको तह/स्तर वृद्धि सम्बन्धी कामकाजलाई व्यवस्थित गर्न बाञ्छनिय भएकोले, सोही ऐनको दफा १५५ ले दिएको अधिकार प्रयोग गरी कर्जन्हा नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "कर्जन्हा नगरपालिकाको स्थानीय सेवा तह/स्तर वृद्धि तथा तह मिलान सम्बन्धी कार्यविधि, २०८१" हुनेछ ।

(२) यो कार्यविधि तुरुन्तै प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१) "ऐन" भन्नाले मधेश प्रदेश सरकारबाट जारी भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ सम्झनु पर्दछ ।

(२) "कर्मचारी" भन्नाले स्थानीय सेवाको पदमा बहाल रहेको स्थायी कर्मचारी सम्झनु पर्दछ र सो शब्दले कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम स्थानीय तहमा समायोजन भएका कर्मचारीलाई समेत जनाउँछ ।

(२) "कार्यालय" भन्नाले कर्जन्हा नगर कार्यपालिकाको कार्यालय , कर्जन्हा, सिरहा सम्झनु पर्दछ ।

(३) "तह बृद्धि" भन्नाले ऐनको दफा २१ बमोजिम गरिने तह/स्तर वृद्धिलाई सम्झनु पर्दछ ।

(४) "तह मिलान" भन्नाले ऐनको दफा ८ को उपदफा २२ बमोजिम स्थानीय तहमा लोकसेवा आयोगबाट २०७६ सालमा सिफारिश भई स्थानीय तहमा नियुक्त भएका अधिकृत छैठौँ तहका कर्मचारीहरुलाई एक पटकका लागि सातौं तहमा गरिने तह मिलान सम्झनु पर्दछ ।

(५) "नगरपालिका" भन्नाले कर्जन्हा नगरपालिका सम्झनु पर्दछ ।

(६) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कर्जन्हा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(७) "सिफारिश समिति" भन्नाले यो कार्यविधिको ऐनको दफा (२१) को उपदफा (५) बमोजिम गठित सिफारिश समितिलाई सम्झनु पर्दछ ।

३. **सिफारिस समितिको काम, कर्तव्य र अधिकारः** (१)सिफारिश समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) तह/स्तर वृद्धि प्रयोजनका लागि कार्यालयबाट प्रकाशित सूचना बमोजिम पेश हुन आएका निवेदकहरुको कागजातहरुको अध्ययन तथा विश्लेषण गर्ने ।

(ख) निवेदकहरुको कागजातहरुको अध्ययन तथा विश्लेषण पश्चात तह/स्तर वृद्धि सम्बन्धी आवश्यक निर्णय गर्ने ।

(ग) तह/स्तर वृद्धि गरिने कर्मचारीहरुको अन्तिम नामावली सहितको विवरण प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिश गर्ने ।

(घ) तह/स्तर वृद्धि सम्बन्धी आवश्यक अन्य कार्य गर्ने ।

(२). सिफारिश समितिले तह/स्तर वृद्धि सम्बन्धी निर्णय गर्दा अनुसूचि-१ बमोजिमको ढाँचाको प्रयोग गर्नु पर्नेछ ।

४. **नियुक्ति सम्बन्धी व्यवस्थाः** (१)तह/ स्तर सिफारिश समितिले निर्णय गरी पेश गरेको सिफारिशको नामावलीका आधारमा प्रमुख प्रशासकीय अधिकृतले अनुसूची-२ बमोजिमको ढाँचामा तह/स्तर वृद्धिको पत्र सम्बन्धित कर्मचारीलाई दिनु पर्नेछ ।

(२)कार्यपालिकाले तह मिलान सम्बन्धमा निर्णय भए पश्चात प्रमुख प्रशासकीय अधिकृतले अनुसूची-३ बमोजिमको ढाँचामा तह/स्तर वृद्धिको पत्र सम्बन्धित कर्मचारीलाई दिनु पर्नेछ ।

५ **उजुरी र गुनासोः** ऐन र यस कार्यविधि बमोजिम भएको तह वृद्धिको निर्णय उपर चित्त नबुझेमा निर्णय सार्वजनिक भएको मितिले १५ दिनभित्र आयोगमा उजुरी र गुनासो गर्न सकिनेछ ।

अनुसूची-१

(कार्यबिधिको बुँदा नं. ३(२) सँग सम्बन्धित)

<u>तह/स्तर वृद्धि निर्णय फारमको ढाँचा</u>

१. उम्मेदवारको नाम थर(देवनागरिमा):-

२.कर्मचारीको संकेत नं.:-

३. शुरु नियुक्ति मितिः-

४. हालको पद/तहको नियुक्ति मितिः-

५. हालको पद र तहः-

६. सेवा/ समूहः-

७. हाल कार्यरत कार्यालयको नामः-

**<u>हाल कार्यरत पद सम्बन्धी विवरण</u>**

| सि.न. | सेवा गरेको कार्यालयको नाम | हालको पदमा समायोजन/ तह मिलान /नियुक्ति/ बढुवा मिति | कार्यालयमा हाजिर भएको मिति | आवश्यक न्यूनतम शैक्षिक योग्यता | हालको पदमा वहाल रहेको मिति(...देखि ...सम्म) | स्तर वृद्धि हुने पदनाम र तह | कै. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

निवेदन दर्ता नंः.

निवेदन दर्ता मितिः

**<u>सेवा अवधि र कार्यसम्पादन मूल्याङ्कन विवरण</u>**

१. आवेदक कर्मचारीको पछिल्लो ३ आर्थिक बर्षको कार्यसम्पादन मूल्याङ्कन बापत प्राप्ताङ्क र सोको औषत प्राप्ताङ्क ।

क) आ.व…………………….. को प्राप्ताङ्क ……………………………

ख) आ.व…………………….. को प्राप्ताङ्क ……………………………

ग) आ.व…………………….. को प्राप्ताङ्क ……………………………

औषत प्राप्ताङ्कः-

२. मधेश प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २९को उपदफा(१) को न्यूनतम योग्यता पूरा भएको देखिएकाले निजलाई हाल कार्यरत………….पदबाट ……. सेवा……. समूहको…………पदमा एक तह/ स्तर वृद्धिका लागि सिफारिस गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| …………. | ………….. | ………….. |
| संयोजक | सदस्य | सदस्य सचिव |
| नामःथरः | नामःथरः | नामःथरः |
| पदः | पदः | पदः |
| क.स.नं. | क.स.नं. | क.स.नं. |

**अनुसूची २**

(कार्यबिधिको बुँदा नं. ४(१) सँग सम्बन्धित)

कर्जन्हा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कर्जन्हा, सिरहा, मधेश प्रदेश

पत्र संख्याः–

चलानी नम्बरः– मितिः–

**बिषयः ………तहमा स्तर वृद्धि गरिएको सम्बन्धमा ।**

**महाशय,**

तपाईलाई कर्जन्हा नगर कार्यपालिकाको कार्यालयको मिति ………………..गतेको निर्णयानुसार मधेश प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २१ को उपदफा १ र ४ बमोजिम मिति ………….गते देखि ज्येष्ठता कायम हुने गरी स्थानीय सेवामा तपसिल बमोजिम तह/स्तर वृद्धि गरिएको छ ।

तह/स्तर वृद्धि हुनु भएकोमा बधाई तथा सफल कार्यकालको कामना गर्दछु ।

**तपसिल**

| **हाल कार्यरत पद** | **तह/स्तर वृद्धि कायम भएको पद** |
|---|---|
| पदः……………….. | पदः ……………….. |
| तहः ……………….. | तहः ……………….. |
| सेवा/समूहः ……………….. | सेवा/समूहः……………….. |
| नियुक्ति मितिः ……………….. | ज्येष्ठता कायम मितिः ……………….. |
| कार्यरत कार्यालयः ……………….. | पदस्थापन गरेको कार्यालयः कर्जन्हा नगरपालिका सिरहा |

**श्रीः ……………….. ( क.सं.नं.………………..)**

**………………………**
**प्रमुख प्रशासकीय अधिकृत**

……………………।

**<u>बोधार्थ</u>**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौं ।

श्री लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर, काठमाण्डौं ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा ।

श्री राष्ट्रिय किताबखाना (निजामति), हरिहरभवन, ललितपुर ।

श्री प्रदेश लोक सेवा आयोग, जनकपुरधाम, धनुषा ।

श्री प्रदेश किताबखाना, जनकपुरधाम, धनुषा

श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाण्डौं ।

श्री कर्मचारी सञ्चयकोष, ठमेल, काठमाण्डौं ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, सिराहा ।

श्री आर्थिक प्रशासन शाखा, कर्जन्हा नगरपालिका, सिरहा ।

अनुसूची-३

(कार्यबिधिको बुँदा नं. ४(२) सँग सम्बन्धित)

कर्जन्हा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कर्जन्हा, सिरहा, मधेश प्रदेश

पत्र संख्याः–
चलानी नम्बरः– मितिः–

**बिषयः ………तह कायम गरिएको सम्बन्धमा ।**

**महाशय,**

तपाईलाई कर्जन्हा नगर कार्यपालिकाको कार्यालयको मिति ………………..गतेको निर्णयानुसार मधेश प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ८ को उपदफा २२बमोजिम मिति ………….गते देखि ज्येष्ठता कायम हुने गरी स्थानीय सेवामा तपसिल बमोजिम तह/स्तर वृद्धि गरिएको छ ।

तह/स्तर वृद्धि हुनु भएकोमा बधाई तथा सफल कार्यकालको कामना गर्दछु ।

**तपसिल**

| **हाल कार्यरत पद** | **तह मिलान कायम भएको पदको विवरण** |
|---|---|
| पदः……………….. | पदः ……………….. |
| तहः ……………….. | तहः ……………….. |
| सेवा/समूहः ……………….. | सेवा/समूहः……………….. |
| नियुक्ति मितिः ……………….. | ज्येष्ठता कायम मितिः ……………….. |
| कार्यरत कार्यालयः ……………….. | पदस्थापन गरेको कार्यालयः कर्जन्हा नगरपालिका सिरहा |

**श्रीः ……………….. ( क.सं.नं.………………..)**

………………………
**प्रमुख प्रशासकीय अधिकृत**

……………………।

**<u>बोधार्थ</u>**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौं ।

श्री लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर, काठमाण्डौं ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा ।

श्री राष्ट्रिय किताबखाना (निजामति), हरिहरभवन, ललितपुर ।

श्री प्रदेश लोक सेवा आयोग, जनकपुरधाम, धनुषा ।

श्री प्रदेश किताबखाना, जनकपुरधाम, धनुषा

श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाण्डौं ।

श्री कर्मचारी सञ्चयकोष, ठमेल, काठमाण्डौं ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, सिराहा ।

श्री आर्थिक प्रशासन शाखा, कर्जन्हा नगरपालिका, सिरहा ।

**आज्ञाले,**

**मनहरि वराल**

**प्रमुख प्रशासकीय अधिकृत**

प्रमाणिकरण मितिः २०८१-०९-२३